# 'टुहुराका  दिन फर्किन्छन्' लोककथाको संरचनात्मक अध्ययन

**अर्जुनकुमार श्रेष्ठ, शिक्षक, श्री गुह्येश्वरी मा वि सिनामङ्गल, काठमाडौँ**
Email : arjunshrestha039@gmail.com

**सार**

प्रस्तुत अध्ययनमा 'टुहुराका दिन फर्किन्छन्' लोककथाको संरचनात्मक विश्लेषण गर्ने प्रयास गरिएको छ। यहाँ टुहुराका दिन फर्किन्छन्' लोककथाको कथानक, सहभागी, परिवेश, उद्देश्य र भाषाशैलीगत आधारबाट विश्लेषण गरिएको छ। संरचनात्मक घटकहरूको योगबाट बन्ने पूर्ण कृति हो कथा। यसमा पूर्णता, परिवर्तनशीलता र स्वनिष्ठताजस्ता गुण हुन्छन्। यस लोककथाको कथानकविन्यास क्रमिक वा रैखिक ढाँचामा संरचित छ । कथानकको आदि, मध्य र अन्त्यको श्रृङ्खला मिलेको छ । लोककथामा उपस्थित सहभागीहरूका कार्यव्यापारले लोककथालाई जीवन्त र मौलिक बनाएका छन् । लोककथाको भाषाशैली सरल, सहज र सुबोध्य छ । लोककथाका संरचक घटकहरू कथानक, सहभागी, परिवेश, उद्देश्य र भाषाशैलीय विन्यासका दृष्टिले लोककथा अब्बल, सरल र श्रुतिमधुर छन्। 'टुहुराका दिन फर्किन्छन्' लोककथाले दिक्तेल–रूपाकोट–मझुवागढी क्षेत्रमा बसोबास गर्ने समुदायको दिनचर्या, जीविकोपार्जनको तरिका, उनीहरूले भोग्नुपरेका समस्या र पीडालाई यथार्थ रूपमा प्रस्तुत गरेको छ । ग्रामीण जीवनका आरोहअवरोह, जीवन भोगाइका उतारचढाव र दुःखपछि आउने सुखको क्षणलाई देखाएर धैर्यसाथ कर्म गर्न उत्प्रेरणा दिएका छन्। यस लोककथाले सत्मार्गमा हिँड्ने, सत्कर्म गरे भाग्यले साथ दिन्छ भन्ने सन्देश दिएको छ।

*शब्दकुञ्जी* : लोकआख्यानात्मक, घटक, उतारचढाव, संरचना , परिवर्तनशीलता

Article's information : Manuscript received : 2024/09/17, Date of review : 2024/12/25, Date of manuscript acceptance 2025/02/07 Publisher : Mahandra Moranga Adrsh Multiple Campus, Biratnagar
DOI : https://doi.org/10.3126/medha.v7i2.76025
Homepage : https://www.nepjol.info/index.php/medha/index/ Copy right (c) 2024 Medha Journal
This work is licensed under the Creative Commons CC BY-NC License. https://creativecommons.org/licenses/by-nc/4.0/

## विषयपरिचय

प्रस्तुत 'टुहुराका दिन फर्किन्छन्' लोककथा दिक्तेल रूपाकोट मझुवागढी क्षेत्रमा प्रचलित लामो आयामको लोककथा हो। प्रस्तुत कथामा सानै उमेरमा बुवाआमाको मृत्यु भएर अर्काको घरमा काम गर्न बसेको टुहुरो केटाले आफ्नो बुद्धि लगाएर आर्थिक अवस्था राम्रो पार्न सफल भएको घटनालाई प्रस्तुत गरिएको छ । टुहुराका दिन फकिन्र्छन् लोककथा सामाजिक विषयवस्तुमा आधारित कथा हो। यस कथामा समाजमा भएका अन्याय, अत्याचारका विषयवस्तुलाई पात्रका माध्यमबाट प्रस्ट पारिएको छ। थौरै पात्रको प्रयोग गरी लेखिएको यो कथाको कथानकको आदि,मध्य र अन्त्यको श्रृङ्खला मिलेको छ। नेपालको कोशी प्रदेशअन्तर्गत खोटाङ जिल्लास्थित सदरमुकाममा दिक्तेल– रूपाकोट–झुवागढी नगरपालिका रहेको छ । दिक्तेल–रूपाकोट–मझुवागढी नगरपालिका खोटाङ जिल्लाको सदरमुकाममा अवस्थित छ। यसको पूर्वमा भोजपुर जिल्ला, पस्चिममा हलेसी तुवाचुङ नगरपालिका र रावाबेशी गाउँपालिका, उत्तरमा केपिलासगढी तथा ऐँसेलुखर्क गाउँपालिका र दक्षिणमा साकेला गाउँपालिका रहेको छ। स्थानीय तह पुनर्संरचनापश्चात् साबिकका खार्मी, चिरीडाँडा, जाल्पा, निर्मलीडाँडा, बिजयखर्क, बुइपा, नुनथला, नेर्पा र पाथेका गाविसहरू तथा दिक्तेल न.पा. सम्मिलित गरी यस नगरपालिकको गठन भएको हो

। यो नगरपालिका पन्ध्र वडामा विभाजित छ । प्रस्ततु लोककथा दिक्तेल– रूपाकोट–मझुवागढी नगरपालिकाबाट सङ्कलन गरिएको हो ।

लोकजीवनमा मौखिक परम्परमा हस्तान्तरित हुँदै आएका लोकआख्यानात्मक कथाहरू नै लोककथा हुन् । एउटाले भन्ने र अर्कोले सुन्ने चलन भएकाले यस्ता कथालाई भन्ने कथा पनि भनिन्छ । लोककथामा जीवनका कुनै एक पाटोलाई प्रतिविम्बित गरेको हुन्छ । लोककथामा लोकजीवनका विभिन्न मिथक, किस्सा तथा किंवदन्तीहरूलाई मूल विषय बनाएको हुन्छ । विशेषगरी लोककथा ग्रामीण समाजमा मेलापात गर्दा, कामको थकान मेटाउन, हाटबजार जाँदा, आउँदा, चाडपर्व मनाउँदा लोककथा भन्ने र सुन्ने गरिन्छ । यसरी श्रुतिपरम्पराबाट अगाडि बढ्ने लोककथामा मौलिकता पाइन्छ । लोककथाले अतीतलाई मात्र नभई वर्तमानलाई समेत चित्रण गरेको हुन्छ । साथै लोककथाले तत्कालीन समाजको मनोदशालाई देखाउँछ । त्यसैले प्रस्तुत शोधकार्यमा आधुनिकतासँगसँगै हराउँदै गएका दिक्तेल–रूपाकोट–मझुवागढी क्षेत्रमा प्रचलित लोककथाहरूको सङ्कलन तथा विश्लेषण गरिएको छ ।

कथामा आवश्यक हुने घटकहरू नै लोककथाका संरचक घटकहरू हुन् । संरचना भनेको कृतिको बनोट र बुनोटको सामञ्जस्य हो । त्यसलाई पूर्णता दिने काम पूर्णता, परिवर्तनशीलता र स्वनिष्ठताले गर्छ । साहित्यको संरचनामा यान्त्रिक र तार्किक गरी दुई प्रकारको संरचना पाइन्छ । विशेष नियम वा युक्तिका आधारमा गरिने रूढ, समान तथा प्रचलित प्रयोगलाई यान्त्रिक विन्यास भनिन्छ । यस प्रकारको विन्यास कृतिको बाह्य तहमा रहने गर्दछ । यान्त्रिक विन्यासमा कविता, गीत, नाटक आदि पर्दछन् । उपर्युक्त कार्यकारणमा आबद्ध प्रयोगलाई तार्किक विन्यास भनिन्छ । यस प्रकारको विन्यासमा कथा र उपन्यास पर्दछन् । यी सबैका संरचनात्मक स्वरूप भिन्नाभिन्नै भए पनि पूर्णता रहन्छ । लोककथा पनि तार्किक संरचनाअन्तर्गत पर्दछ । लोककथाको संरचनाका सन्दर्भमा विभिन्न मतमतान्तर देखिएका छन् । संरचनाबिना कुनै पनि साहित्यिक विधा पूर्ण हुन सक्दैन । लोककथाको पनि आआफ्नै संरचना हुन्छ । संरचनाको सम्बन्ध उपकरण, घटक वा तत्त्वसँग रहेको हुन्छ । लोककथा बन्न चाहिने आवश्यक तत्त्वहरू नै लोककथाका मूल संरचक हुन् । संरचक घटकहरूले लोककथाको पहिचान दिन्छ । मूलतः लोककथाका घटकहरू कथानक, सहभागी पात्र, परिवेश, उद्देश्य र भाषाशैलीगत विन्यास हुन् । संरचनात्मक अध्ययनमा तिनै घटकका आधारमा विश्लेषण गर्न सकिन्छ । प्रस्तुत शोध दिक्तेल–रूपाकोट–मझुवागढी क्षेत्रमा प्रचलित लोककथाको संरचनात्मक विश्लेषण गर्नुसँग सम्बन्धित हुने भएकाले यहाँ सङ्कलित लोककथाको परिचय, विभाजन, संगठन, कथानक, सहभागी, परिवेश, उद्देश्य र भाषाशैलीगत विन्यासका आधारमा विश्लेषण गरिएको छ ।

## अध्ययन विधि

प्रस्तुत अध्ययन सम्पन्न गर्नका लागि प्राथमिक सामग्री र द्वितीयक सामग्रीको प्रयोग गरिएको छ । प्राथमिक सामग्रीको सङ्कलन क्षेत्रीय कार्यद्वारा गरिएको छ । यस अध्ययनको लागि सम्बन्धित भौगोलिक क्षेत्रमा प्रत्यक्ष रूपमा गएर सूचकहरूसँग कुराकानी गरी लोककथा सङ्कलन गरिएको छ । प्राथमिक रूपमा सामग्रीहरूको सङ्कलन गर्दा दिक्तेल–रूपाकोट–मझुवागढी क्षेत्रमा बसोबास गर्ने सबै जातजातिहरूको प्रतिनिधित्व हुने गरी गरिएको छ । कथावाचक वा सूचकहरूले भनेका कथाहरूलाई अडियो तथा भिडियो रेकर्ड गरी त्यसलाई जस्ताको तस्तै उतार गरिएको छ र उतारिएका तिनै लोककथाहरूमध्ये 'टुहुराका दिन फर्किन्छन्' लोककथालाई उदेश्यमूलक नमुनाका रूपमा लिई विश्लेषण गरिएको छ । त्यस्तै द्वितीयक सामग्रीका रूपमा पुस्तकालयीय कार्यबाट सङ्कलन गरिएको छ । लोकसाहित्य र लोककथाको सैद्धान्तिक अवधारणाको प्रारूप निर्माण गर्न सामाग्रीको सङ्कलन पुस्तकालयीय कार्यद्वारा गरिएको छ । प्रस्तुत शोधकार्यमा सामग्रीको विश्लेषण गुणात्मक पद्धतिअन्तर्गत

पाठात्मक विश्लेषण विधिमा गरिएको छ । विश्लेषण गर्ने क्रममा लोककथालाई विभिन्न प्रकारमा वर्गीकरण गरी लोककथाका संरचक घटकहरूमा केन्द्रित भएर विश्लेषण गरिएको छ । कथाका संरचक घटकहरूमा कथानक, सहभागी, परिवेश, उद्देश्य र भाषाशैलीगत विन्यासलाई प्रमुख तत्त्व मानी दिक्तेल–रूपाकोट–मझुवागढी क्षेत्रमा प्रचलित लोककथाको संरचनावादी सिद्धान्तका आधारमा विश्लेषण गरिएको छ ।

## संरचनात्मक अध्ययनको सिद्धान्त

लोककथाको संरचना भनेको ढाँचा, व्यवस्था वा सङ्गठन हो । निर्माण वा बनोटका आवश्यक अङ्गहरूको समष्टि त्यसको निर्माण गर्ने घटकहरूको कुल योगलाई नै संरचना भनिन्छ । प्रत्येक वस्तु वा कृतिका आआफ्ना संरचना हुन्छन् । संरचनाविना कुनै पनि वस्तु पूर्ण हुँदैनन् । संरचना शब्द 'स्ट्रक्चर' (structure) को नेपाली रूपान्तर हो । यस शब्दको व्युत्पत्ति ल्याटिन भाषाको 'स्ट्रक्ट स्टुएरर' (Struct struere) धातुमा 'युअर' (ure) प्रत्यय लागेर निर्मित 'स्ट्रक्चुरा' (structura) तथा स्पेनेली 'स्ट्रक्सटुरा' (estructura) र इटालेलीको 'स्ट्रटरा' (struttura) शब्दबाट भएको हो । यसको शाब्दिक अर्थ बनाउनु वा निर्माण गर्नु भन्ने हुन्छ (लुइटेल, २०६२, पृ. ४२) । संरचना शब्दले कुनै पनि वस्तु वा कृति निर्माणका लागि आवश्यक पर्ने सम्पूर्ण अवयवहरूको समष्टिलाई जनाउँछ । कुनै वस्तु वा कृतिको एउटा निश्चित आकार हुन्छ त्यो आकार नै संरचना वा बनोट हो । त्यस संरचनामा विभिन्न र अवयवहरू रहेका हुन्छन् (पराजुली, २०७१, पृ. २१४) । वस्तु वा कृतिको संरचनामा प्रत्येक तत्त्वको एक विशिष्ट प्रकार्य हुन्छ । आज 'संरचना' शब्दको अर्थमा विविधता आएको हुनाले ज्ञानविज्ञानका क्षेत्रमा विभिन्न अर्थहरूमा यसको प्रयोग भएको छ । विभिन्न अवयव वा घटकहरूको पारस्परिक सम्बन्धद्वारा निर्मित वस्तु वा कृतिको पूर्ण, जीवन्त र स्वनिष्ठ अस्तित्वलाई संरचना भनिन्छ (लुइटेल, २०६२, पृ.४३) । साहित्यिक दृष्टिमा संरचनाले कुनै कृतिको आन्तरिक तथा बाह्य निर्मितिलाई जनाउँछ । यहाँ संरचनाको साहित्यिक अर्थलाई मात्र ग्रहण गरिएको छ । यसले कृतिमा प्रयुक्त भएका घटकहरूको यन्त्रवत् सुसङ्गठित र तार्किक पूर्णतालाई बुझाउँछ । यसमा आफैँमा पूर्णता, परिवर्तशीलता तथा स्वायत्तता जस्ता विशेषताहरू हुन्छन् ।

कुनै पनि वस्तुमा पाइने साना संरचक घटकहरूको योग संरचना हो । संरचनालाई बृहत् घटक पनि भनिन्छ । यसमा बनोट अमूर्त घटकको रूपमा आएको हुन्छ जुन प्रत्यक्ष देख्न र भेट्न सकिन्न । बुनोट मूर्त घटकको रूपमा आएको हुन्छ जुन प्रत्यक्ष रूपमा देखिने र भेट्न सकिने किसिमको हुन्छ । लेखकले कृतिमा विषयवस्तु र अर्थ प्रदान गर्नका लागि विन्यास गरेका घटकलाई सो कृतिको संरचना भनिन्छ । यो कृतिको खास आकृति वा ढाँचा हो । साहित्यिक कृतिको संरचनामा पूर्णता, परिवर्तनशीलता तथा स्वनिष्ठता जस्ता विशेषता हुन्छन् जसले गर्दा कृतिमा प्रयुक्त घटकहरूको अन्तर्सम्बन्ध सबल र विशिष्ट हुन्छ (लुइटेल, २०६२, पृ. ५१) । यसप्रकार कुनै वस्तु, पदार्थ वा कृतिको एउटा निश्चित आकार हुन्छ, त्यो आकार नै संरचना वा बनोट हो । संरचनामा विभिन्न तत्त्व वा अवयवहरू रहेका हुन्छन् । ती तत्त्व र अवयवहरूको आपसी मेल र एकअर्काप्रतिको आबद्धताबाट नै वस्तु वा कृतिको संरचना तयार हुन्छ । यिनै वस्तुका तत्त्व र अवयवहरूको समन्वितपूर्ण योग नै संरचना हो (पराजुली, २०७६, पृ.४२५) । कृतिलाई समग्र सूत्रमा बाँध्ने र अर्थयुक्त बनाउने कार्य यसको संरचनाले गर्छ । त्यसैले संरचना भनेको कृति निर्माणको बाहिरी कलेवर तथा भित्री अन्तर्वस्तु दुवै हो । यसरी हेर्दा संरचना भनेको कृतिमा आउने घटकहरूको व्यवस्थित ढाँचा वा समुच्चय हो । विभिन्न घटकहरूको संयोजनबाट कृतिले पूर्णता तथा जीवन्तता प्राप्त गर्दछ । यसमा सबै घटकहरूको पारस्परिक सम्बन्ध रहेको हुन्छ । साहित्यका सन्दर्भमा संरचनाको तात्पर्य कृतिगत सङ्गठनको समग्र सिद्धान्त मानिन्छ । साहित्यको संरचना अमूर्त हुन्छ र यसलाई अर्थपूर्ण ढङ्गले आकृति प्रदान गर्ने काम कथानक, बिम्ब, प्रतीक आदि

विभिन्न संरचक घटकले गर्छन् । कृतिभित्र विभिन्न घटकहरूको क्रमिक व्यवस्थापन हुने र त्यसै व्यस्थापनले त्यसलाई संरचनात्मक पूर्णता प्रदान गर्ने हुँदा संरचनालाई कृतिको आन्तरिक व्यवस्था वा विन्यासका रूपमा लिइन्छ (लुइटेल, २०६०, पृ. ७) । संरचनाले वस्तु वा कृतिको समग्र रूपाकृति, ढाँचा, व्यवस्था र सङ्गठनलाई बुझाउँछ । हरेक वस्तुको संरचनामा समयक्रमसँगै परिवर्तन पनि हुँदै जान्छ । लेखकले विषयवस्तु र अर्थ प्रदान गर्नका लागि कृतिका विभिन्न घटकहरूको क्रमबद्ध विन्यास गर्छ । यस्तो विन्यासबाट कृतिको संरचना तयार हुन्छ । यसर्थ कृतिको समग्र संरचना भनेको त्यसको समग्र आकृति एवम् समग्रतायुक्त हुन्छ र त्यसले विभिन्न घटकहरूका आन्तरिक सम्बन्धका सामञ्जस्यबाट विशिष्टता प्राप्त गर्दछ । कुनै वस्तु वा कृतिको पूर्ण, परिवर्तनशील र स्वनिष्ठ व्यवस्थालाई संरचना भनिन्छ । विचार भाव वा सार कुरालाई वस्तुले सङ्केत गर्छ । विधाका आधारमा वस्तुले सङ्केत गर्ने कुराहरू पनि फरक हुन्छन् । प्रगीतात्मक संरचनामा भाव वा विचार, आख्यानात्मक संरचनामा घटना प्रसङ्ग र नाटकीय संरचनामा द्वन्दलाई वस्तु विधानले सङ्केत गर्दछ । लोककथा आख्यानात्मक संरचनाको एउटा विधा हो । वस्तुविनाको कृतिको सान्दर्भिकता रहँदैन । लोककथाको वस्तुविधानले लोककथाका घटना वा प्रसङ्ग र त्यससँग आएका सहभागी तथा परिवेशलाई समेत बुझाउँछ । कृतिको वस्तुको विश्लेषण गर्ने क्रममा मूलतः प्रगीतात्मक संरचनाको विश्लेषण गर्दा भाव वा विचार, आख्यानात्मक संरचनाको विश्लेषण गर्दा घटना वा प्रसङ्ग तथा नाटकीय संरचनाको विश्लेषण गर्दा कार्यव्यापार वा द्वन्द्वको प्रस्तुति कुन रूपमा गरिएको छ भन्ने कुरा केलाईन्छ (लुइटेल, २०६२, पृ. ३०८) । यसरी हेर्दा एउटा पूर्ण कृति बन्नका लागि त्यसका संरचक घटकहरूको सहसम्बन्ध हुनु आवश्यक देखिन्छ ।

लोककथाको संरचना निश्चित नियमद्वारा व्यवस्थित हुन्छ र त्यो व्यवस्था कायम गर्न निश्चित प्रकार्यहरूको भूमिका महत्त्वपूर्ण हुन्छ । लोककथाको मूल विषय कथानक हो । कथानकको सेराफेरोमा सहभागी र परिवेश आएका हुन्छन् । लोककथामा आख्यानको प्रबलता हुन्छ र आख्यानलाई अगाडि बढाउन सहभागीको उत्तिकै भूमिका हुन्छ । सहभागीहरू विभिन्न अभिप्रायसँग सम्बन्धित हुन्छन् । लोककथामा उच्चकुलीन वा घरानिया वर्गले मात्र नभई सामान्य मानिसले बुझ्ने प्रकारको सरल भाषा प्रयोग गरिएको हुन्छ । यसमा सामान्यतयाः यथार्थमा नमिल्ने प्रकारको स्वैरकल्पनाको प्रयोग गरिएको हुन्छ । लोककथाको उद्देश्य मूलतः मनोरञ्जन प्रदान गर्ने र केही मात्रामा नैतिक उपदेश प्रदान गर्ने हुन्छ । त्यसैले प्रस्तुत शोधमा कथानकको विश्लेषणका साथै पात्र वा सहभागी, परिवेश, उद्देश्य र भाषाशैलीगत विन्यासको पनि विश्लेषण गरिएको छ ।

लोककथाको संरचनाका सम्बन्धमा विद्वान्हरूका भिन्न भिन्न विचार पाइन्छ । ज्वेतान तोदोरोवले समाख्यान विश्लेषणका लागि तीनओटा मापदण्ड मानेका छन् : समय, दृष्टिबिन्दु र रीति । रीति आख्यानात्मक सङ्कथन र त्यसलाई जागृत गराउने जगत्को भिन्नतालाई नामेट गर्ने तरिका हो । समय भनेको कथा समय हो, त्यो काल्पनिक जगत्को समय कालक्रमिक रूपमा सङ्कलित हुन्छ । दृष्टिबिन्दु पाठका घटनाहरूप्रति दृष्टि हो । यसअन्तर्गत घटना वर्णन र घटना देख्ने व्यक्तिका अभिवृत्ति पर्दछन् (तोदोरोव, सन् २००५, पृ. १५३–१५४) । जेनेट (सन् १९८०) ले तोदोरोवको अनुसरण गरेका छन् । उनले समाख्यानात्मक सङ्कथनको विश्लेषण गर्ने आधार काल, भाव र वाच्यलाई मानेका छन् (पृ. ३१) । तोदोरोवले भनेको रीति (मोड) र जेनेटले भनेको भाव (मुड) समानार्थी शब्द हुन् र ती दुवैले अनुभूति वा कार्यको ढङ्ग भन्ने बुझाउँछन् । त्यसैले मोनिका फ्लुडर्निकले वर्गीकरणलाई वाच्य, काल र रीति भनेर प्रस्तुत गरेकी छन् । वाच्यअन्तर्गत व्यक्ति, कथन समय र समाख्यान तह, कालअन्तर्गत क्रम, अवधि र आवृत्ति अनि रीतिअन्तर्गत सङ्केन्द्रीकरण पर्दछन् (फ्लुडर्निक, सन् २००९, पृ. ९९) । तिनका पनि अझ सूक्ष्म विभाजन छन् ।

विलियम लबोभले समाख्यानको संरचनागत तत्त्व विकासात्मक प्रकारको हुने भन्दै सार, अभिमुखीकरण, जटिल घटनाक्रम, मूल्याङ्कन, परिणाम र समापक गरी छ प्रकारका तत्त्वको उल्लेख गरेका छन् । सार भनेको यो के बारेमा हो ?

अभिमुखीकरण भनेको को, कहिले, के, कहाँ ? जटिल कार्यव्यापार भनेको त्यसपछि के भयो ? मूल्याङ्कन भनेको के भयो त ? परिणाम भनेको अन्ततः के भयो ? भन्ने हो, समापनको उत्तर यहाँ दिइएको छैन, किनभने यो अन्य तत्त्वका तुलनमा प्रायः कम पाइन्छ (लबोभ, सन् १९७२, पृ. ३७०) । दुलानले सार र समापन दुवै समाख्यानका ऐच्छिक कुरा हुन् भनेका छन् । वास्तवमा लबोभले घटनालाई आधार बनाएका छन् । समाख्यानमा जहिलेसुकै कथा, कथावाचक सम्बोधित संलग्न रहेका हुन्छन् (दुलान, सन् २००१, पृ. २) । यी तीन तत्त्वका सम्बन्धबाट समाख्यानको संरचना भएको हुन्छ ।

सिमोर च्याटम्यानले समााख्यानका तत्त्वहरूलाई कथा र सङ्कथन गरी मुख्य दुई प्रकारमा वर्गीकरण गरेका छन् । उनले यो वर्गीकरण 'के' र 'कसरी' लाई आधार मानेको भनेका छन् । उनका अनुसार कथातत्त्व आख्यानात्मक अभिव्यक्तिको विषयवस्तु र सङ्कथनतत्त्व आख्यानात्मक अभिव्यक्ति हुन् । कथाअन्तर्गत घटना र अवस्थिति पर्दछन् । घटनामा कार्यव्यापार र घटना अनि अवस्थितिमा पात्र र परिवेश समाविष्ट हुन्छन् । त्यसैगरी सङ्कथनतत्त्वअन्तर्गत आख्यानात्मक सम्प्रेषणको संरचना र अभिव्यक्ति पर्दछन् (च्याटम्यान, सन् १९७८, पृ. २६) । पछि उनले त्यसलाई अझ स्पष्ट पार्दै कथानक, पात्र, परिवेश र सारवस्तुलाई कथाका तत्त्व अनि कथन र कथयिता अर्थात् भाषा र दृष्टिबिन्दुलाई सङ्कथनका तत्त्व भनेर व्याख्या गरेका छन् (च्याटम्यान, सन् १९९३, पृ. ६०७) । सङ्कथनतत्त्व सूक्ष्म र कथातत्त्व स्थूल घटक हुन् ।

जेराल्ड प्रिन्सले न्यारेटोलजी द फर्म एन्ड फर्ड्सनिङ्ग अफ न्यारेटिभ (सन् १९८२) मा समाख्यान संरचना वर्णनकार्य, वर्णित घटनाहरू, समाख्यान व्याकरण, समाख्यान पठन र समाख्यानात्मकताले युक्त हुने चर्चा गरेका छन् । मिकी बलले न्यारेटोलजी : इन्ट्रोडक्सन टु द थिअरी अफ न्यारेटिभ (सन् १९८५/२००९) मा समाख्यानको संरचनालाई पाठ, कथाका पक्ष र कथाका तत्त्व गरी तीन वर्गमा विभाजन गरेकी छन् । पाठअन्तर्गत समाख्याता, वर्णन, समाख्यानको तह रहेका छन् । कथाका पक्षअन्तर्गत समय, श्रृङ्खलागत क्रम, लय, आवृत्ति, पात्र, स्थान, सङ्केन्द्रीकरणलाई राखिएको छ । कथाका तत्त्वमा घटना, सहभागी, समय र स्थानलाई राखिएको छ ।

**परिणाम र विमर्श**

नेपालको खोटाङ जिल्लाको दिक्तेल–रूपाकोट–मझुवागढी क्षेत्रमा विभिन्न जातजातिका मानिसहरू मिलेर बसेका छन् । यहाँको विभिन्न भागमा खेतीपाती, पशुपालन र व्यापार व्यवसाय गर्दै बसेका मानिसले कथा भन्ने सुन्ने गर्छन् । यिनीहरूको आफ्नै संस्कार, संस्कृति, भेषभूषा, रहनसहन र चाडपर्व रहेका छन् । परापूर्वकालदेखि नै विभिन्न यस क्षेत्रमा लोककथा भन्ने र सुन्ने परम्परा रहेको छ । जङ्गल जाने, गाईवस्तु पाल्ने र खेतीपाती गर्ने, समुदायमा मनोरञ्जनका अतिरिक्त नीति तथा उपदेश प्रदान गर्न लोककथा भन्ने र सुन्ने गरिएको भए पनि हाल लोककथा भन्ने, सुन्ने, जान्ने मानिसको अभावका कारण यस क्षेत्रमा प्रचलित लोककथाहरू लोप हुने अवस्थामा पुगेको पाइन्छ । लोककथामा इतिहास, धर्म, संस्कृति, परम्परा आदि जोडिएर आउँछन् । त्यसैले लोककथा मानव विकाससँगै अगाडि बढेको लोकप्रिय विधा हो । समग्रमा रोचक, मनोरञ्जनमूलक प्रस्तुतीकरणमा आधारित, आधुनिकताको प्रभावबाट टाढा रहेको, ग्रामीण जनजीवनका भावनाहरू समेटेको, विविध विषय, परिवेश र सहभागीयुक्त, सरल सहज भाषामा अभिव्यक्त लोकप्रिय विधा नै लोककथा हो । प्राचीन कालदेखि यस क्षेत्रमा हुर्किएर मौखिक परम्पराबाट अगाडि बढ्दै आजसम्म बच्चा, युवा तथा वृद्धवृद्धामाझ लोकप्रिय भएको विधा लोककथा हो । लोककथाका माध्यमबाट समाज र समुदायको रीतिस्थिति, चालचलन, धर्म, सामाजिक तथा आर्थिक अवस्था, भूगोललगायतका कुराको जानकारी पाउन सकिन्छ । लोककथाको मुख्य उद्देश्य मनोरञ्जन दिनु, नीति तथा उपदेश दिनु रहेको

हुन्छ । खोटाङ जिल्लाको दिक्तेल–रूपाकोट–मझुवागढी क्षेत्रमा प्रचलित नेपाली लोककथाहरूमध्ये प्रस्तुत लेखमा टुहुराका दिन फर्किन्छन्' विश्लेषण गरिएको छ ।

कथाको संरचनात्मक अध्ययनको सिद्धान्तअनुसार कथाको विश्लेषण कथानक ,पात्र ,परिवेश, उद्धेश्य र भाषाशैलीको आधारमा गरिएको छ । लोककथाको संरचना निश्चित नियमद्वारा व्यवस्थित हुन्छ र त्यो व्यवस्था कायम गर्न निश्चित प्रकार्यहरूको भूमिका महत्त्वपूर्ण हुन्छ । लोककथाको मूल विषय कथानक हो । कथानकको सेराफेरोमा सहभागी र परिवेश आएका हुन्छन् । लोककथामा आख्यानको प्रबलता हुन्छ र आख्यानलाई अगाडि बढाउन सहभागीको उत्तिकै भूमिका हुन्छ । सहभागीहरू विभिन्न अभिप्रायसँग सम्बन्धित हुन्छन् । लोककथामा उच्चकुलीन वा घरानिया वर्गले मात्र नभई सामान्य मानिसले बुझ्ने प्रकारको सरल भाषा प्रयोग गरिएको हुन्छ । यसमा सामान्यतयाः यथार्थमा नमिल्ने प्रकारको स्वैरकल्पनाको प्रयोग गरिएको हुन्छ । लोककथाको उद्देश्य मूलतः मनोरञ्जन प्रदान गर्ने र केही मात्रामा नैतिक उपदेश प्रदान गर्ने हुन्छ । त्यसैले प्रस्तुत कथामा कथानकको विश्लेषणका साथै पात्र वा सहभागी, परिवेश, उद्देश्य र भाषाशैलीगत विन्यासको पनि विश्लेषण गरिएको छ । कथाको संरचनात्मक अध्ययनको सिद्धान्तको मुख्य पक्ष कथानक, पात्र ,परिवेश, उद्धेश्य र भाषाशैलीको आधारमा कथाको विश्लेषण गरी परिणाममा पुगिएको छ । विभिन्न पक्षको आधारमा कथाको विश्लेषण गरी परिणाममा पुग्नुको विमर्श तल प्रस्तुत गरिएको छ स्


**कथानक**

'टुहुराका दिन फर्किन्छन्' कथानकको स्रोत स्वैरकल्पना हो । यथार्थभन्दा परको अप्राकृतिक घटना र पात्रसँग सम्बन्धित र अलौकिक संसारको प्रस्तुतिमा केन्द्रित उडन्ते कल्पनालाई स्वैरकल्पना भनिन्छ । जादुको शक्ति तथा विभिन्न किसिमका असम्भव विषयको चयन गर्ने भएकाले यसमा कथानक, सारवस्तु वा परिवेशको मूल तत्त्वका रूपमा अलौकिकता, कल्पना, जादु आदि नेपाली कथामा प्रयुक्त कथानकका स्रोत रूपमा आएका हुन्छन् । प्रस्तुत कथाको कथानकको स्रोत पनि स्वैरकल्पना भएकाले यहाँ प्रस्तुत भएको घटना पनि असम्भव खालको, काल्पनिक तथा उडन्ते खालको विषयवस्तु पाइन्छ । 'टुहुराका दिन फर्किन्छन्' कथाको गठन सरल प्रकारको छ । यसमा एउटामात्र कथानकको प्रयोग कथाको सुरुदेखि अन्त्यसम्म भएको छ । 'टुहुराका दिन फर्किन्छन्' कथाले आदि, मध्य र अन्त्यको संयोजनलाई समेटेको छ । यस कथाको आदि, मध्य र अन्त्यको श्रृङ्खला व्यवस्थित रहेको छ ।

घटनाहरूको कालक्रमिक विन्यासलाई कथानक भनिन्छ । यो कथाको आधारशिला हो । लोककथामा सामान्य रूपमा घटनाको प्रबलता पाइन्छ । कथामा जसरी घटनाहरूको क्रमबद्ध श्रृङ्खला हुन्छ लोककथामा पनि त्यस्तै प्रकारको विन्यास हुन्छ । कथानकभित्र कार्यव्यापार हुन्छ । कथानक आदि, मध्य र अन्त्यको क्रममा रैखिक वा वृत्ताकारीय ढाँचामा अगाडि बढेको हुन्छ । कथामा आदि, मध्य र अन्त्यको सामञ्जस्य हुन्छ । लोककथामा हुने घटनाक्रमलाई आदि, मध्य र अन्त्यका रूपमा संयोजन गर्ने तत्त्व कथानक हो । यसर्थ लोककथामा कथानकलाई अनिवार्य घटक स्वीकार गरिएको छ । लोककथाको निर्माणमा दुईथरी तत्त्वहरूको संयोग पाइन्छ— आख्यानतत्त्व र लोकतत्त्व । आख्यानतत्त्व लोककथाको बाह्य संरचनाको मूल पक्ष हो । सामान्यतः आख्यान विधामा हुने कथानक, पात्र, परिवेश, कथोपकथन, द्वन्द्व, उद्देश्य, शैली र भाषा आदि लोककथामा पनि हुन्छन् र यी सबै तत्त्वहरू आख्यानको बाह्य संरचनामा केन्द्रित हुन्छन् । यी तत्त्वहरूमध्ये पनि लोककथामा कथानकका आन्तरिक तत्त्वका रूपमा अभिप्राय रहेको हुन्छ । लोककथामा प्रयोग हुने घटना, चरित्र र विश्वासहरू जुन बारम्बार दोहोरिरहन्छन्, त्यस्ता परम्परित रूढतत्त्व नै अभिप्राय बन्छन् (पराजुली, २०७१, पृ. ४०) । व्यक्तिका मनमा

चलायमान भएका भावनालाई समाज र जीवनका साथमा कथानकले जोड्ने काम गरेको हुन्छ । यस दृष्टिले लोककथाका घटनाहरूमा पाठकको मनमा कल्पनासँगै उत्सुकता जगाउने काम पनि कथानकले गर्छ । कथानक अगि बढ्दै गर्दा श्रोतामा अब के हुन्छ ? भन्ने कुतुहलता वा जिज्ञासा सिर्जना हुन्छ । सामान्यतः विशिष्ट र असामान्य घटना, चरित्र, कार्य तथा विश्वासले सिर्जना भएका अभिप्राययुक्त आख्यानले लोककथा जीवन्त बन्छ (लामिछाने,२०७७,पृ.३०४) । लोककथामा काल्पनिक, किंवदन्तीमूलक, स्वैरकाल्पनिक, अतिप्राकृतिक आदि स्रोतबाट कथावस्तु लिइएको हुन्छ । जुन स्रोतबाट कथावस्तु ग्रहण गरिएको भए पनि यसमा प्रायः आदि, मध्य र अन्त्यको सबै अङ्ग पुगेको पूर्ण कथानक रहन्छ । यसको विकास व्यतिक्रमिक नभई क्रमिक र रेखीय ढङ्गमा अगाडि बढ्छ (लुइटेल, २०७६, पृ. २९२) । कथामा स्थापना भएका एकभन्दा बढी दृश्यविधानको अन्वय मिलाउने काम कथावस्तुले गरेको हुन्छ । लोककथामा कथानक निर्माणको समय र स्थानको उचित स्थापना कथावस्तुमा भएको हुन्छ । समय र स्थानको सम्बन्ध स्थापना कथामा गरिने हुनाले कथावस्तुले यसको संरचना मिलाएको हुन्छ ।

कथामा निर्माण गरिएको घटनालाई निकास दिन पनि कथावस्तुको विशेष महत्त्व रहन्छ । सहभागीका बिचमा विद्यमान द्वन्द्वलाई अगाडि बढाउन कथानकले सहयोग गर्छ । कथानकमा आएका घटना तथा प्रसङ्गले पात्र तथा परिवेश निर्धारण गर्छ । यस कारणले लोककथामा कथाको संरचना निर्माणका लागि कथावस्तु अत्यावश्यक मानिएको छ । कथाको कथावस्तु आफैँमा एउटा योजनाबद्ध सङ्गठन हो । जीवनजगत्का समस्त क्रियाव्यापारका लागि कथामा निर्माण गरिएका अन्य अवयवलाई साथमा डोऱ्याउने र उद्देश्य पहिचान गर्ने दिशा पहिल्याउने पद्धति कथावस्तु मानिएको छ । कथावस्तुले अन्य अवयवसित सम्बन्ध स्थापना गर्दै आफ्ना संरचनात्मक घटकलाई निश्चित उद्देश्यप्राप्तिको दिशामा अग्रसर गराएको हुन्छ । यसर्थ कथाको आदि, मध्य र अन्त्य भागको संरचनात्मक अनुक्रम मिलाउने काम कथावस्तुको हो । कथामा समावेश भएका सबै अवयवहरूको अवस्था र तिनको उपस्थितिलाई सार्थक बनाउने दिशामा कथावस्तु आफैँमा सहज ढङ्गले जोडिएको हुन्छ । कथामा स्थूल आकार ग्रहण गरी अन्य अवयवहरूलाई यसले स्थानिक मान्यता दिलाएको हुन्छ (पौड्याल, सन् २०२१, पृ.१५४) । कथामा कलात्मक मूल्य निरूपण गर्न उपस्थित रहने कथावस्तुविना कथा बन्न सक्दैन । घटना, कार्यव्यापार र आवश्यकताअनुसार द्वन्द्वको संयोजनबाट कथानक निर्मित हुन्छ र यसले मूलतः कालक्रमद्वारा श्रृङ्खलित घटनावली तथा कार्यव्यापारको योजनालाई जनाउँछ । अवयव वस्तुका रूपमा रहेका कथानकका घटनाहरू गतिशील हुन्छन् र ती सिधा वा बक्ररेखामा आरोहअवरोहका साथ अघि बढ्छन् (लुइटेल, २०६२, पृ. २२१) । त्यसैले लोककथामा कथानक महत्त्वपूर्ण तत्त्व हो । अपठितहरूको समूहले भन्ने र सुन्ने हुँदा लोककथामा घटनाहरूको क्रमबद्धता हुनु आवश्यक देखिन्छ । लोककथाको कथानकको विकासलाई यसरी देखाउन सकिन्छ :




(शर्मा, २०४८, पृ. ११६–१२५)

माथि प्रस्तुत गरिएको वर्गीकरणबाट कथाको आदि, मध्य र अन्त्य भागमा क्रमशः विषयको आरम्भ, सङ्घर्षविकास, सङ्कटावस्थाहरू र अन्त्यमा कथामा सङ्घर्षह्रास भई कथानकको समापन हुने कुरा प्रस्ट हुन्छ । कथानक विकासको पहिलो भाग आदि भाग हो । यसअन्तर्गत चिनारी र सङ्घर्ष विकास पर्छन् । कृतिमा आएका प्रमुख सहभागी, स्थान, समय र समस्याको उठान गर्नु चिनारी हो । यसमा लोककथाका सम्भावित समस्याको सङ्केत दिइएको हुन्छ । यसअन्तर्गत मुख्य सहभागी, स्थान, समय, परिवेशको जानकारी दिइएको हुन्छ । लोककथाको आदि भागमा आकस्मिक घटनाका कारण नयाँ समस्या उत्पन्न भई सहभागीहरूले सङ्घर्षको थालनी गर्नु प्रथम सङ्कटावस्था हो । यसपछि लोककथा मध्य भागतिर प्रवेश गर्छ । यस भागमा पहिलो सङ्कटावस्थाको विस्तार हुनुका साथै शृङ्खलाबद्ध रूपमा अन्य सङ्कटावस्था आउँछन् । सहभागीले बुद्धिमतापूर्ण ढङ्गमा समस्या समाधान गर्ने अथवा अझै बढी सङ्कट बेहोरेर पतन हुने अवस्थासम्म  पुग्दछन् । यिनै सङ्कटावस्थासँगै कथानक पनि विस्तार हुँदै जान्छ र कथा चरम अवस्थामा   पुग्दछ । अन्त्य भाग भनेको समापन भाग हो । यसको विकास सङ्घर्षह्रास र उपसंहार गरी दुई भागमा हुन्छ । सङ्घर्षह्रास भनेको कथाको अन्तिम सङ्कटावस्था हो । यसमा छरिएका कथानक एकीकृत भएर अगाडि बढ्छन् र कथानक समापन विन्दुमा पुग्छ । उपसंहार सङ्घर्षह्रास पछिको भाग हो जसमा सङ्घर्ष समाप्त भई कथाको अन्त्य हुन्छ । 'टुहुराका दिन फर्किन्छन्' लोककथाको कथानकलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

एउटै टुहुरो केटो हुनु, आमाबाबु नभएका कारण ऊ बिहा गरेकी दिदीका साथ बस्नु, दिदीले भाइलाई बिहान बेलुकी घरको काम लगाउँनु र दिउँसो गाई चराउन पठाउनु, घरमा रहँदा पनि दिदीले भाइलाई भेदभाव गर्थी आफ्नो लोग्नेलाई र छोरा छोरीलाई मिठा खानेकुरा चामलको भात दिनु, भाइलाई ढुटाको रोटी, सिस्नुको साग, बोराको ओढ्ने बोराकै कपडा र सुत्नको लागि ढोकाको कुनामा ठाउँ दिनु, उसले केही कुरा सम्झाउनु बोलाउनु पर्थ्यो भने कुचाले हान्नु, यो उसको लोग्नेलाई समेत थाहा नहुनु, एकदिन त्यो केटो सधैझै ढुटाको रोटी बोकेर गोठालो जानु, त्यसदिन चाडपर्व परेको हुनाले अरू गोठालाले ल्याएको मिठो रोटी उसलाई नदिनु, उसले त्यो ढुटाको रोटी कुनै एउटा रुखको टोड्कामा राख्नु र भोलिपल्ट आएर खोज्नु, रोटी खौज्दै जाँदा उसले एउटा दूधको पोखरी पनि फेला पार्नु, त्यो पोखरी वनका भैंसीहरूले आफू चर्न गएका बेला स–साना पाडापाडी नभोकाउन भनी जम्मा गरिदिएका हुनु, उसले त्यो दूध पिएर पोखरी नै सुकाइदिनु जस्ता घटनाले कथाको आदि भागलाई प्रस्तुत गरेको  छ ।

उता दूधको पोखरी सुकेको र आफ्ना पाडा–पाडी भोकाएको थाहा पाएर कसले दूध खायो होला भनेर एउटा भैंसी चियो गर्न बस्नु, दिउँसो मध्यान्हमा त्यो भैसीलाई तिर्खा लागेछ र पानी खान नजिकैको तलाउनमा जानु, जब भैंसी पानी खान तलाउमा गयो तर केटोले दूधको पोखरी नै सुकाइ दिनु, अर्को भैंसी चियो गर्न बस्नु उसलाई पनि तिर्खा लागेर पानी पिउन गएका बेलामा केटाले दूधको पोखरी रित्याइदिनुभैंसीले यो कुरा राँगोलाई सुनाइ दिनु र एउटा राँगो अर्को दिन आएर चियो गर्न बस्नु, राँगोले केटाले दूध पिएर हतपत्त रुखमा गएर लुक्ने गरेको चाल पाउनु र रुखको फेदमा गएर सिँगौरी हान्न थाल्नु, त्यस बिचमा राँगोले केटालाई भनेछ "मेरो ढाडमा हाम फाल्यौ भने सम्पूर्ण राँगा र भैंसीको मालिक बनौला नत्र म रुखसहित ढालेर मारिदिन्छु", केटोले साहसका साथ राँगाको ढाडमा हामफाल्नु र जुरुक्क उभियो पनि त्यसपछि ऊ सम्पूर्ण भैंसीको मालिक बन्नु, उता उसकी दिदीका गाईवस्तु जङ्गलबाट चरेर साझमा घर फर्किए तर भाइ आएन, भाइ नआएकोमा दिदीले खासै चिन्ता प्रकट नगर्नु, लोग्ने र छोरा छोरीले सोध्दा ऊ आफ्नै घर गयो भन्ने जवाफ दिनु, यसका धैरै वर्षपछि त्यो केटो प्रशस्त दूध, दही र ध्यू बेचेर धैरै धनी बन्नु, उसले जङ्गल नजिकै धैरै जमिन किन्नु, भैंसी र राँगालाई बाँध्ने गोठ पनि बनाउनु र एउटी राम्री केटी विवाह गरेर आनन्दका साथ जीवन   बिताउन थाल्नु जस्ता घटनाले कथाको मध्य भागलाई प्रस्तुत गरेको छ ।

यसै बिचमा एकदिन दिदी चाहिँले कसैको माध्यमद्वारा भाइको बारेमा सुनी त्यस बेला मात्र मेरो माइती भन्दै भाइ धनी भएको कारण भाइका घरमा पुग्नु, त्यहाँ भाइले अचानक गरेको प्रगति देखेर भित्र भित्रै जल्न थाली र भाइसँग एउटा भैंसी दाइजो मागी भाइले भैंसीको घाँटीमा बाँध्ने घण्टी तयार भएपछि लानु भन्नु र कामी कहाँ गएर ढोकाको कुनामा बास, ढुटाको रोटी, सिस्नुको साग, ‘‘बोराको ओछयान र कुच्चाको चोट’’ भन्ने आवाज निस्कनु, यो कुरा दिदी, उसको लोग्ने र छोराछोरी सबैले थाहा पाए र दिदीले भाइ प्रति गरेको दुव्र्यवहार सम्झेर माफी माग्न गए र सबै जना मिलेर आनन्दका साथ बस्नु जस्ता घटनाले कथाको अन्त्य भागलाई प्रस्तुत गरेको छ । (स्रोत :परिशिष्ट क, ५)

यसरी यस कथामा कमजोर र असहाय भनेर कसैलाई हेप्नु हुदैन सबैको दिन आउँछ भन्ने सन्देश ‘टुहुराका दिन फर्किन्छन्’ कथाले दिएको छ । पात्रअनुसारको भाषशैली प्रयोग गरिएको यस कथामा कथानकको आदि, मध्य र अन्त्यको श्रङ्खला मिलेकाले कथा कसिलो बनेको छ ।


**सहभागी**

‘टुहुराका दिन फर्किन्छन्’ कथा सीमित सहभागीहरू भएको कथा हो । यस कथामा टुहुरो केटो, टुहुराको दिदी, दिदीको लोग्ने, दिदीको छोरा छोरीभैंसी,राँगो, गाउँले तथा टुहुराकी श्रीमती सहभागीका रूपमा आएका छन् । यो लोककथा टुहुराको जीवनमा घटेका घटनाहरूको सेरोफेरोमा केन्द्रित छ । कथाका मुख्य सहभागीका रूपमा टुहुरो केटो, राँगो र उसकी दिदी उपस्थित छन् । यस लोककथामा टुहुरो केटो, दिदी, दिदीको छोरा छोरी, टुहुराकी श्रीमती मानवीय पात्रका रूपमा सहभागी भएका छन् भने भैंसी मानवेतर पात्रका रूपमा सहभागी भएका छन् । यस लोककथाको प्रमुख पात्र टुहुरो हो । ऊ अनुकूल र गतिशील पात्र हो । सानैमा टुहुरो भएकाले उसले मागेर र अर्काको घरमा गाईवस्तु चराएर बाल्यकाल बिताएको छ । ऊ गरिब वर्गको प्रतिनिधि पात्र हो । टुहुरो केटाले दिदीकै घरमा बसे पनि आफ्नै दिदीको साथ र माया पाएको छैन । उसलाई दिदीले काममात्रै लगाउने, मिठो मसिनो खान नदिने, कुचाले पिट्ने गरेको छ । भाइलाई ढुटाको रोटी, सिस्नुको साग, बोराको ओढ्ने बोराकै कपडा र सुत्नको लागि ढोकाको कुनामा ठाउँ दिएको थियो । उसले केही कुरा सम्झाउनु बोलाउनु पर्थ्यो भने कुचाले हान्ने गर्थी । यी सबै पीडा सहेर बस्दा बस्दै हिम्मत र आँटले मात्र उसको जीवनमा सुख आएको छ । कथाको सुरुदेखि अन्त्यसम्म कथामा उपस्थित भएको टुहुरो मञ्चीय तथा बद्ध पात्र हो ।

यस कथामा पनि पशुसम्बन्धी अभिप्रायको प्रयोग गरिएको छ । राँगो कथाको प्रमुख मानवेतर पात्र हो । उसले मानिसले बुझ्ने भाषा बोलेको छ । मानिसको बोली बुझ्ने र मानिसलाई सहयोग गर्ने सहभागीका रूपमा उपस्थित भएको राँगोले टुहरो केटाको जीवनमा परिवर्तन ल्याएको छ । उसले टुहुरो केटालाई सम्पन्न, धनी बनाउने वातावरण तयार पारेको छ । राँगो अनुकूल प्रवृत्तिको सहभागी हो । उसमा अद्भुत शक्ति रहेको छ । टुहुराकी श्रीमती सहायक महिला सहभागीका रूपमा कथामा उपस्थित भएकी छे । ऊ अप्सरा भएकीले टुहुरोसँग विवाह गरेर टुहुराको जीवनमा प्रसस्त धनसम्पत्ति प्राप्त भएको छ । उसले दुःख पाएको टुहुरोलाई साथ दिएकी छे । टुहुराकी श्रीमती अनुकूल प्रवृत्तिकी मञ्चीय सहभागी हो । टुहुराको दिदी प्रतिकूल प्रवृत्तिको महिला सहभागी हो । उसले आमाबुबा गुमाएर दुःख पाएको टुहुरोलाई दुस्ख दिएर नराम्रो काम गरेकी छ । पछि भाइले प्रगति गरे पछि भेट्न जाने र धनको लोभ गर्ने स्वार्थी, गतिशील, मञ्चीय र बद्ध पात्र हो । टुहुरोले अप्सराजस्ती श्रीमती भित्र्याएको थाहा पाएर अनि धनी भएको टुहुराको घर पुग्दा अप्सरा जस्ती श्रीमती र धन देखेर दिदी आत्तिएकी छ । यसरी हेर्दा कथामा आएका सहभागी र तिनका अभिलक्षणले कथालाई सरल, सहज, मौलिक र स्वाभाविक बनाएका छन् । सहायक र गौण पात्रले कथानकको विकासलाई खँदिलो बनाएका छन् ।

कथाको संरचना निर्माणमा उपस्थित हुने र क्रिया–प्रतिक्रिया गर्ने मानवीय वा मानवेतर चरित्रलाई सहभागी, पात्र वा चरित्र भनिन्छ । सहभागी वा पात्रले कथालाई डोऱ्याउने काम गर्दछ । लोककथामा कथावस्तुमा रहेका घटना र विचारहरूलाई

डोऱ्याउन सक्ने पात्रहरूको व्यवस्था गरिएको हुन्छ । सामान्यतः असाधारण चरित्र, खुबी, शारीरिक बनोट, चतुऱ्याइँ र विशेष शक्ति भएका, असामान्य चरित्रहरू लोककथाका पात्रका रूपमा चिनिन्छन् । कथाले निर्माण गरेको परिवेश र कालका चिन्तनलाई वहन गर्न सक्ने सहभागीले कथालाई गन्तव्यमा पुऱ्याएका हुन्छन् । कथाको कथ्य संरचना निर्माण गर्दा जस्तोसुकै स्वरूपको खोजी गरिने भए पनि सहभागीहरूले कथामा ऊर्जा दिने भएकाले यिनको सहभागिताबिना कथाको कल्पना गर्न सकिँदैन । कथाकारले राखेको उद्देश्य परिपूर्ति गर्न पात्रको पहिचान प्रथम पुरुष वा तेस्रो पुरुषका माध्यमबाट गरिएको पाइन्छ । कथाकारको विचारको स्थापनाका लागि कथामा स्वतः प्रकट हुने सहभागी भनेका कथाका आवश्यक उपकरण हुन् । कथामा यिनको अनिवार्य उपस्थिति रहन्छ (पौड्याल, सन् २०२१, पृ. १५६) । लोककथाका सहभागी मानवीय र मानवेतर दुवै प्रकारका हुन्छन् । यस्ता मानवेतर सहभागीलाई कथावाचकले मान्छेका व्यवहार तथा संस्कारसँग मिल्ने बनाएर लोककथामा प्रस्तुत गर्छन् । यी पात्रहरूले मानिसले गर्न नसक्ने जादुमयी र अलौकिक काम गर्न सक्छन् । लोककथाका पात्रहरूलाई मूलतः कार्यक्षमता वा शक्तिका आधारमा र वर्गका आधारमा गरी दुई दृष्टिकोणबाट वर्गीकरण गर्न सकिन्छ । लोककथाका पात्र मानव र मानवेतर पनि हुन्छन् । मानव पात्रमा अद्र्धमानव, मानव, अतिमानव र दिव्य हुन्छन् भने मानवेतर पात्रमा सजीव र निर्जीव हुन्छन् (पराजुली, २०७१, पृ. ४२) । लोककथामा आउने व्यक्ति, पशुपक्षी, भूतप्रेत, जङ्गली जनावर आदि नै लोककथाका पात्र हुन् । प्रायः राक्षस, बोक्सी, भूतप्रेत, दुष्ट स्वभावका पशुपक्षी एवम् मानिसहरू खलपात्रका रूपमा प्रयोग गरिन्छन् । नायकलाई सहयोग गर्ने पात्र सत् पात्र हुन्छ । लोककथाको पात्र मानवीय, मानवेतर, सजीव, निर्जीव जस्तो पनि हुनसक्छ । नेपाली लोककथाका पात्रहरूमध्ये केही नेपाली लोकसमाजबाटै लिइएका जस्ता देखिन्छन् भने अधिकांशतः काल्पनिक संसारबाट टिपिएका जस्ता देखिन्छन् (लामिछाने, २०७७, पृ. ३०२) । विभिन्न विद्वान्ले सहभागीका बारेमा विभिन्न मत राखे पनि पात्रले गर्ने कार्यव्यापारको आधारमा पात्रहरूलाई लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना आसन्नता, आबद्धता आदिका आधारमा यसप्रकार वर्गीकरण गर्न सकिन्छ :




(शर्मा, २०४८, पृ. ११६–१२५)

माथि प्रस्तुत गरिएका सबै प्रकारका सहभागी एउटै कथामा नआउन सक्छन् । एउटा पात्रले एउटा मात्र भूमिका निर्वाह गर्न वा एउटा पात्रले विभिन्न भूमिका एक्लै निर्वाह गर्न सक्छ । सहभागीको स्वभाव, प्रकृति तथा गतिशीलताले कथानकका आरोहअवरोहलाई निर्धारण गर्दछ । पात्रलाई लिङ्गका आधारमा पुरुष र स्त्री गरी दुई प्रकारमा विभाजन गरिएको छ । कार्यका आधारमा प्रमुख, सहायक र गौण गरी तीन प्रकारमा वर्गीकरण गरिएको छ । कथामा मुख्य भूमिका भएका पात्र प्रमुख, प्रमुख पात्रभन्दा कम काम गर्ने पात्रलाई सहायक र कथामा खास भूमिका नभएका पात्रलाई गौण पात्रका रूपमा चिनिन्छ । यसैगरी प्रवृत्तिका आधारमा सकारात्मक गुण भएका पात्र अनुकूल पात्र वा नायक र नकारात्मक गुण भएका पात्र प्रतिकूल वा खलपात्रका रूपमा प्रस्तुत हुन्छन् । पात्रका स्वभावका आधारमा समयानुसार परिवर्तन हुने पात्र गतिशील र कथाभरि परिवर्तन नहुने पात्र स्थिर पात्रमा पर्दछन् । कुनै वर्गविशेषको प्रतिनिधित्व गर्ने पात्र वर्गीय हुन्छन् भने व्यक्तिविशेषको प्रतिनिधित्व गर्ने पात्रलाई व्यक्ति पात्र भनिन्छ । आसन्नताका आधारमा अप्रत्यक्ष उपस्थित हुने पात्रलाई नेपथ्य पात्र र प्रत्यक्ष रूपमा उपस्थित भएर भूमिका निर्वाह गर्ने पात्रलाई मञ्चीय पात्र भनिन्छ । आबद्धताका आधारमा बद्ध र मुक्त गरी सहभागीलाई दुई भागमा बाँड्न सकिन्छ । यसैगरी कथामा आउने पात्रलाई मानवीय र मानवेतर पात्रमा पनि बाँडेको पाइन्छ । कथामा मानवेतर सहभागी भएर आएका पशुपन्क्षी तथा निर्जीव वस्तु मानिसजस्तै कुराकानी गर्ने, हिँडडुल गर्ने, मानिसले भन्दा अद्भुत काम गर्ने गर्छन् । यस्ता सहभागीले मानिसलाई सहयोग वा असहयोग दुवै गरेका हुन्छन् । परिवेश वा स्थानविशेषका आधारमा सार्वभौमिक र आञ्चलिक गरी सहभागीलाई दुई प्रकारमा बाँडेको पाइन्छ । सार्वभौम पात्र सबैतिर एकै रूपमा पाउन सकिन्छ भने आञ्चलिक पात्र खास क्षेत्र वा भूगोलमा मात्र पाउन सकिन्छ ।

कथाले अपेक्षा गरेको कथानकलाई सरल गतिले अगाडि बढाउन सक्ने सहभागीको छनोट गरी कथाको निर्माण हुन्छ । लोककथाका पात्रहरू वर्ग, समुदाय, जात, धर्म, लिङ्गअनुसार फरक भूमिका र फरक क्षमताका हुन्छन् । कथाले निर्माण गरेको परिवेशअनुकूल अपेक्षित उद्देश्य प्राप्त गर्न र जिम्मेवारी वहन गर्न सक्ने सहभागीले कथालाई निश्चित मोडमा पुऱ्याएका हुन्छन् । लोककथाका मानवेतर सहभागीले मानवीय गुण ग्रहण गरी अद्भुत क्रियाकलाप गर्नु लोककथाका सहभागीहरूको विशेषता हो । त्यसकारण लोककथामा साधारण मानिसले गर्न नसक्ने अलौकिक क्षमता भएका पात्रको छनोट गरेर असम्भव तथा अनौठो काम कुराहरू गर्न लगाइएको हुन्छ ।

**परिवेश**

'टुहुराका दिन फर्किन्छन्' लोककथामा परिवेशका रूपमा गाउँमा टुहुराले काम गर्ने घर, गाईवस्तु पालेर जीविकोपार्जन गर्ने, कुनै काम गर्दा बाचा खानुपर्ने, सुनको पङ्खाले हम्किँदा होस फर्किने, दीनदुःखीलाई ईश्वरले हेर्छन् भन्ने विस्वास गर्ने समाज रहेको छ । यस लोककथामा स्थानिक परिवेशका रूपमा गाउँघर, वनजङ्गल, आकाश, भव्य महल, दूधको पोखरी जस्ता स्थानहरू आएका छन् । कथामा सामान्य समयका रूपमा बिहान, दिउँसो, राति आएका छन् भने विशिष्ट कथास्थलका रूपमा टुहुरा बस्ने स्वर्गजस्तो स्थान आएको छ । जस्तै :

> दिउँसो मध्यान्हमा त्यो भैंसीलाई तिर्खा लागेछ र पानी खान नजिकैको तलाउमा गएछ । जब भैंसी पानी खान तलाउमा गयो तर केटोले दूधको पोखरी नै सुकाइ दियो । अर्को भैंसी चियो गर्न बसेछ । उसलाई पनि तिर्खा लागेर पानी पिउन गएका बेलामा केटाले दूधको पोखरी रित्याइदिएछ । भैंसीले यो कुरा राँगालाई सुनाइ दिएछन् र एउटा राँगो अर्को दिन आएर चियो गर्न बसेछ । राँगोले केटाले दूध पिएर हतपत्त रुखमा गएर लुक्ने गरेको चाल पाएछ र रुखको फेदमा गएर सिँगौरी हान्न थालेछ । त्यस बिचमा राँगोले केटालाई भनेछ "मेरो ढाडमा हाम फाल्यौ भने सम्पूर्ण राँगा र भैंसीको

मालिक बनौला नत्र म रुखसहित ढालेर मारिदिन्छु" । केटोले साहसका साथ राँगाको ढाडमा हामफाल्यो र जुरुक्क उभियो पनि त्यसपछि ऊ सम्पूर्ण भैंसीको मालिक बन्यो । उता उसकी दिदीका गाईवस्तु जङ्गलबाट चरेर साझमा घर फर्किए तर भाइ आएन । भाइ नआएकोमा दिदीले खासै चिन्ता प्रकट गरिन । लोग्ने र छोरा छोरीले सोध्दा ऊ आफ्नै घर गयो भन्ने जवाफ दिई । यसका धेरै वर्षपछि त्यो केटो प्रशस्त दूध, दही र ध्यू बेचेर धेरै धनी बन्यो । उसले जङ्गल नजिकै धेरै जमिन किन्यो । भैंसी र राँगालाई बाँध्ने गोठ पनि बनायो र एउटी राम्री केटी विवाह गरेर आनन्दका साथ जीवन बिताउन थाल्यो । (स्रोत :परिशिष्ट क, ५)

प्रस्तुत 'टुहुराका दिन फर्किन्छन्' लोककथाको वातावरण सुरुमा दुःखद र त्यसपछि सुखद रहेको छ । कथाको सुरुमा आमाबुवा मरेर टुहुरो भएको केटाले मध्य भागमा आइपुग्दा दिदीले हेला गरेको, खान नदिएको,पिटाइ खाएको अवस्था छ । अन्त्यमा हिम्मत र साहसको कारण भैंसीको मालिक बन्छ र राम्री केटीसँग विवाह गराएपछि टुहुराको जीवनमा खुसी छाएको सुखद प्रसङ्गसँगै कथा समाप्त भएको परिवेश प्रस्तुत गरिएको छ ।

लोककथाको अर्को तत्त्व परिवेश हो । लोककथामा सहभागीले क्रियाकलाप गर्ने र घटनाहरू घटित हुने ठाउँ, समय र वातावरणलाई परिवेश भनिन्छ । घटना कहिले कहाँ र कसरी घटित भयो भन्ने कुरालाई परिवेशले जनाउँछ । यसले ठाउँ, समय, वातावरणका साथै घटना घटित हुने भौतिक स्थितिलाई समेत सङ्केत गर्छ । परिवेशलाई देश, काल, वातावरण, परिवृत्त, पर्यावरण जस्ता शब्दहरूले बुझाइन्छ । वास्तवमा परिवेश भनेको देश, काल र वातावरण हो । देशले कार्यव्यापार सम्पन्न हुने स्थान, कालले कार्यव्यापार सम्पन्न हुने समय तथा वातावरणले कार्यव्यापारबाट उत्पन्न प्रभावलाई जनाउँछ । यसरी घटना घटित हुने स्थान, समय र परिस्थिति नै परिवेश हो (लुइटेल,२०६२, पृ. २३२) । देश, काल र वातावरणले कथाको सामान्य घटनास्थल र घटना घटेको समयलाई बुझाउँछ ।

परिवेशले कथानकको गतिलाई अगाडि बढाउन सहयोग गर्छ । समाज वा समुदायको व्यावहारिक जीवन, रहनसहन, भौगोलिक पृष्ठभूमि आदिले कुन परिवेशमा कथिएको कथा हो भन्ने कुरा बुझाउँछ । सामाजिक, सांस्कृतिक, धार्मिक, आर्थिक, राजनीतिक परिवेशले सहभागीको भावनालाई उदिप्त पार्न भूमिका खेल्छ । लोककथाका पात्रहरूले कथानक अगाडि बढाउने ठाउँ र समयका साथै स्थानविशेषको चालचलन, रीतिथिति, आचरण, व्यवहार, रहनसहन, विश्वास, मान्यता, प्राकृतिक पृष्ठभूमि, भौगोलिक अवस्थिति जीवन र सोचाइ आदि पनि परिवेशभित्रै आउँछन् (लामिछाने, २०७७, पृ. ३०४) । लोककथामा आउने प्रायःजसो स्थानहरू पौराणिक तथा ऐतिहासिक हुन्छन् । प्रकृतिको मनोरम दृश्य, भयानक गुफा, तलाउ, नदी, जङ्गल, पोखरी आदि स्थानका रूपमा आउँछन् । लोककथाको उठान परिवेशबाटै भएको हुन्छ । नेपाली लोककथामा स्वर्गलोक, नरलोक, परिलोक, नागलोक, सूर्यलोक, पितृलोक आदि विभिन्न लोकहरूको चित्रण गरिएको छ र त्यहाँ रहेका जीवहरूमा पाइने असाधारण एवम् अलौकिक शक्तिका बारेमा पनि वर्णन गरिएको छ (पराजुली, २०७१, पृ. ४९) । लोककथामा एकादेशमा, एउटा जङ्गलमा, एउटा गाउँमा, परापूर्वकालमा भनेर कथानक अगाडि बढाइन्छ । घाँसपात काट्दा, गाईवस्तु चराउँदा, लेकबेँसी, मेलापात गर्दा, हाटबजार गर्दा तथा बेलुकाको समयमा परिवार भेला भएर थकाइ भुल्नका लागि लोककथा भन्ने तथा सुन्ने गरिन्छ । त्यसैले लोककथाको परिवेशले शहरभन्दा गाउँको परिवेशलाई प्रायजसो समेटेको हुन्छ । परिवेशभित्र वस्तु र सहभागीका अतिरिक्त विचारको पनि प्रस्तुति हुन सक्छ । सहभागीको मानसिकतामा सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक, सांस्कृतिक सन्दर्भ उत्पन्न गर्न सक्ने सन्दर्भहरू हुन्छन् । परिवेश बाह्य र आन्तरिक दुवै हुन सक्छ । बाह्य परिवेशलाई भौतिक र आन्तरिक परिवेशलाई मानसिक परिवेश भनिन्छ । त्यसैले परिवेशले व्यापक अर्थ समेटेको पाइन्छ ।

**उद्देश्य**

लोककथा भन्न वा सुनाउन केही न केही उद्देश्य राखिएको हुन्छ । 'टुहुराका दिन फर्किन्छन्' सामाजिक लोककथा भएकाले यसमा नेपाली लोकजीवनलाई प्रस्तुत गरिएको छ । यस लोककथाको मूल उद्देश्य अर्ती वा उपदेश प्रदान गर्नु हो भने यसले मनोरञ्जन पनि प्रदान गरेको छ । जस्तै :

> त्यस बिचमा राँगोले केटालाई भनेछ "मेरो ढाडमा हाम फाल्यौ भने सम्पूर्ण राँगा र भैंसीको मालिक बनौला नत्र म रुखसहित ढालेर मारिदिन्छु" । केटोले साहसका साथ राँगाको ढाडमा हामफाल्यो र जुरुक्क उभियो पनि त्यसपछि ऊ सम्पूर्ण भैंसीको मालिक बन्यो । (स्रोत : परिशिष्ट क, ५)

टुहुरो भनेर बासी भातका निस्तो डल्ला, ढुटाको रोटी खान दिने दिदी र समाजमा दुःख पाएकालाई हेरविचार गर्नुपर्ने कर्तव्य भुलेको दिदीले टुहुरो केटाले सुख पाएपछि टुहुराका दिन फर्किन्छन् भन्ने उक्ति चरितार्थ भएको बुझेका छन् । मानिसको जीवन सधैँ एकैनासले चल्दैन । जीवनमा आरोह अवरोह आइरहन्छ तर दुःख पाउँदा आत्तिनु हुँदैन । निरन्तर कर्म गर्ने मानिसले एक न एक दिन सुख पाउँछ भन्ने शिक्षा प्रदान गर्नु यस लोकककथाको उद्देश्य रहेको छ ।

कुनै पनि साहित्यिक रचनाको निश्चित उद्देश्य हुन्छ । लोककथा सुन्नु र सुनाउनुका पछाडि पनि प्रत्यक्ष वा परोक्ष उद्देश्य रहेको हुन्छ । श्रोतालाई मनोरञ्जन दिनु, उपदेश दिनु, नीतिनियम सिकाउनु, धर्म, अर्थ, काम, मोक्ष प्राप्त गर्नु र लोकमङ्गलको कामना गर्नु लोककथाका मुख्य उद्देश्य हुन् । धर्मको व्याख्या, प्रचार र धार्मिक रहस्यको प्रस्तुति, दुःख निवारण, नीतिशिक्षा र उपदेश, शिक्षा प्रदान र मनोरञ्जन प्रदान गर्नु लोककथाका मुख्य उद्देश्य हुन् (लामिछाने, २०७७, पृ.३२८) । लोककथाले बालकदेखि वृद्धसम्म सबै उमेर समूहका मान्छेलाई मनोविनोद प्रदान गरी उद्देश्य पूरा गर्छ । नेपाली लोककथाको अध्ययन गर्दा लोककथाले धार्मिक र नैतिक शिक्षा, व्यावहारिक र जीवनोपयोगी शिक्षा, इमानदारिता र लगनशीलताको महत्त्व, कर्मको फल भोग्नुपर्ने जस्ता सन्देश दिएको पाइन्छ (लामिछाने, २०७७, पृ. ३३०) । लोककथामा समाज तथा समुदायको प्रतिबिम्ब हुने हुँदा यसमा समाज तथा समुदायका धार्मिक तथा सांस्कृतिक परम्परा, रीतिरिवाज, चालचलन, संस्कार, सामाजिक तथा आर्थिक अवस्थाको चित्रण गरिएको पाइन्छ । यस्ता विविध अवस्थाको बारेमा वर्णन गरेर श्रोतालाई मनोरञ्जन गराउनु र उपदेश दिनु लोककथाको मुख्य उद्देश्य रहेको पाइन्छ ।

**भाषाशैलीगत विन्यास**

प्रस्तुत 'टुहुराका दिन फर्किन्छन्' लोककथाको भाषाशैली सरल, सहज र सुबोध्य रहेको छ । साना, छोटा र सरल वाक्यको प्रयोगले लोककथालाई सरल बनाएको छ । ढोकाको कुनामा बास, गोठ रोटी, सिस्नुको साग, बोराको ओछयान र कुच्चाको चोट जस्ता ग्रामीण जीवनमा प्रयोग गरिने शब्दको प्रयोगले लोककथालाई मौलिकता प्रदान गरेको छ । "मेरो ढाडमा हाम फाल्यौ भने सम्पूर्ण राँगा र भैंसीको मालिक बनौला नत्र म रुखसहित ढालेर मारिदिन्छु" जस्ता टुहुरो केटो र भैँसीका बिचमा संवादात्मक श्रृङ्खलाको प्रयोग भएको पाइन्छ । यस्ता वाक्यको प्रयोगले लोककथालाई अझै सरल र सुबोध्य बनाएको छ । यस लोककथाको प्रारम्भ 'एकादेशमा' र अन्त्य सुन्नेलाई सुनको माला...मा भएको छ । समग्रमा यो लोककथा व्यवस्थित संरचनामा बाँधिएको छ ।

भाषाशैलीगत विन्यास लोककथाको अर्को महत्त्वपूर्ण तत्त्व हो । विन्यास भनेको सुव्यवस्थित ढङ्गले र योजनाबद्ध तरिकाले राखिने वा व्यवस्थित प्रकारको रखाइ हो । साहित्यिक कृतिको संरचक घटकका सन्दर्भमा भाषा, शैली, बिम्ब, प्रतीक,

लय, छन्द, अलङ्कार आदिको क्रमबद्ध रखाइ वा व्यवस्थापनलाई भाषाशैलीगत विन्यास भनिन्छ (लुइटेल, २०६२, पृ. २४५) । भाषा विचार सम्प्रेषणको साधन हो । भाषा प्रस्तुतिको माध्यम हो । साहित्यको सम्प्रेषण पनि भाषाकै माध्यमबाट हुन्छ । लोककथाको भाषा गद्य भाषा हो । लोककथा श्रुति परम्परामा आधारित अपठित समूहको रचना भएकाले यसमा प्रयुक्त हुने भाषा दोहोरो अर्थ लाग्ने किसिमको हुँदैन । लोककथाको भाषा सरल र सहज हुने भएकाले बालकदेखि बृद्ध उमेर समूहकाले बुझ्ने किसिमको हुन्छ । लोककथामा प्रायजसो मौलिक तथा रूढ शब्दको प्रयोग हुन्छ । यसमा सरल बोधगम्य, छोटा वाक्यहरूको प्रयोग गरिन्छ । लोककथामा बिम्ब, प्रतीक, अलङ्कारको प्रयोग ज्यादै कम हुन्छ । लोककथाको पाठैपिच्छे भाषा परिवर्तन भइरहन्छ । समय र स्थानका भेदले वाक्यमा परिवर्तन भए झैँ लोककथाका पाठमा पनि परिवर्तन भइरहन्छ (लुइटेल, २०६३, पृ. ३७७) । लोककथामा प्रयुक्त भाषा अभिव्यक्तिको रूप र कथ्य सामग्री दुवै हो । लोककथामा शब्दयोजना, वाक्य संरचना, वाक्य विन्यास पनि कथावाचकको क्षमताअनुसार प्रयोग भएको पाइन्छ । लोककथामा विभिन्न वर्गविशेषका पात्रहरूको उपस्थिति हुन्छ । उनीहरूको आफ्नै पेशा र व्यवसाय हुन्छ । पात्रले प्रयोग गर्ने भाषामा आफ्नै किसिमका व्यावहारिक र व्यावसायिक शब्दहरूको प्रयोग भएको पाइन्छ । भूगोल, समुदाय, धर्म, संस्कृति, मूल्यमान्यताअनुरूपका शब्द तथा वाक्यको प्रयोग भएको पाइन्छ । पात्रानुकूल सभ्य तथा असभ्य बोलीमार्फत पात्रले साहस, त्याग, घृणा, इर्ष्या, विलौना, खुसी आदि साटासाट गर्छन् । धनी, गरिब, नोकर, मालिक, महिला, पुरुष, आदिले बोल्ने भाषामा फरक पाइन्छ । प्रायः लोककथामा निम्नवर्गका पात्रले बोल्ने भाषा सरल, अनौपचारिक र सामान्य स्तरको हुन्छ ।

> शैली अभिव्यक्तिको तरिका हो । साहित्यका हरेक विधामा फरक शैलीको प्रयोग गरिएको हुन्छ । शैली शब्द अङ्ग्रेजीको 'स्टाइल' (Style) को नेपाली रुपान्तर हो । अङ्ग्रेजीको 'स्टाइल' (Style) शब्दको व्युत्पत्ति ल्याटिनको 'स्टिलस' (Stilus) शब्दबाट भएको र यसको प्राचीन अर्थ मैनमाथि लेख्न बनाएको हाड वा धातुको कलम भन्ने हुन्छ । समयान्तरमा अर्थ परिवर्तन भएर (Style) 'स्टाइल' शब्दले वर्तमान अर्थ ग्रहण गरेको हो । लुइटेल, २०६२, पृ. २५२

शैलीले लेखक वा रचनाकारको अभिव्यक्तिको तरिकालाई बुझाउँछ । लोककथामा सरल र सहज भाषाशैलीको प्रयोग हुन्छ । एकले अर्कालाई सुनाउँदा बुझिने शैलीमा छोटा वाक्यहरूको प्रयोग गरेर लोककथा भन्ने गरिन्छ । एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुँदा भाषिक परिवर्तन पनि हुँदै जान्छ । यस्तो परिवर्तन समयक्रमँगै हुने गर्छ र भाषिकागत भेदअनुसार फरक शब्दहरूको प्रयोग भएको पाइन्छ । एउटै कथावस्तु भएका कथामा पनि शैलीगत भिन्नताका कारण प्रत्येक कथा बेग्लाबेग्लै र मौलिक जस्ता लाग्छन् । कथा वाचकको शैलीले कथालाई रोचक बनाउँछ । श्रोतालाई विशिष्ट प्रभाव र नवीन अनुभूति दिलाउन शैलीले महत्त्वपूर्ण भूमिका खेल्छ । शैलीले साहित्यका विधालाई एकअर्काबाट फरक बनाउने काम गर्छ । भाषा साहित्यको उपयुक्त क्रमश्रेणी रूपान्तरित भएर साहित्यिक संरचनाको क्रमश्रेणी बन्न पुग्छ । यस रूपान्तरणलाई विशिष्टि तथा अमूर्त प्रक्रिया मानिन्छ । यो प्रक्रिया यस्तो मध्यवर्ती स्थिति हो, जसको सम्बन्ध एकातिर भाषारूपी कच्चापदार्थसँग हुन्छ भने अर्कातिर कृतिरूपी तयारी मालसँग हुन्छ (शर्मा, २०७९, पृ. ८) । लेखकले भाषाका माध्यमबाट आफ्ना विचारहरू पाठकसम्म पुऱ्याउन निश्चित शैलीको प्रयोग गर्छन् । शैलीले कृतिको साहित्यिक संरचना, (बनोट र बुनोट), भाषिक संरचना (ध्वनि, शब्द, व्याकरण र अर्थ) लाई जोड्ने काम गर्छ । शैलीलाई अभिव्यक्ति घटक वा योजक घटक मानिन्छ (लुइटेल, २०६०, पृ. ११३) । यसरी हेर्दा शैली भनेको भाषिक संरचना र साहित्यिक संरचना दुवैलाई जोड्ने भाषिक अभिव्यक्तिको विशिष्ट ढाँचा हो । त्यसैले लोककथामा कथाले उठाएको विषयलाई वर्णन गर्ने पद्धति नै शैली हो । केही विद्वान्‌हरूले यसलाई कथन पद्धति पनि भनेका छन् । लोककथामा प्रयोग गरिएको एकादेशमा, परापूर्वकालमा, यस्तो भएछ अरे भन्दै

घटनाक्रमअनुसार आवाजको आरोह अवरोह मिलाएर कथा अगाडि बढाउने तौरतरिका वा कथन ढाँचालाई शैलीअन्तर्गत राख्न सकिन्छ । भाषाशैली जति सरल भयो त्यति नै कथा सम्प्रेषणीय हुन्छ ।

**निष्कर्ष**

खोटाङ जिल्लाको दिक्तेल–रूपाकोट–मझुवागढी नगरपालिका क्षेत्रमा प्रचलित नेपाली लोककथामध्ये 'टुहुराका दिन फर्किन्छन्' लोककथाको संरचनात्मक विश्लेषण गरिएको छ । कथाका संरचक घटकहरूमा कथानक, सहभागी, परिवेश, उद्देश्य र भाषाशैलीगत विन्यासलाई प्रमुख तत्त्व मानी दिक्तेल–रूपाकोट–मझुवागढी क्षेत्रमा प्रचलित लोककथाको संरचनावादी सिद्धान्तका आधारमा विश्लेषण गरिएको छ । यस क्षेत्रमा प्रचलित नेपाली लोककथाको कथानकविन्यास शृङ्खलाबद्ध र व्यवस्थित रहेका छन् । यस कथामा टुहुरो केटो, टुहुराको दिदी, दिदीको लोग्ने, दिदीको छोरा छोरीभैंसी,राँगो, गाउँले तथा टुहुराकी श्रीमती सहभागीका रूपमा आएका छन् । यो लोककथा टुहुराको जीवनमा घटेका घटनाहरूको सेरोफेरोमा केन्द्रित छ । लोककथामा परिवेशका रूपमा गाउँमा टुहुराले काम गर्ने घर, गाईवस्तु पालेर जीविकोपार्जन गर्ने, कुनै काम गर्दा बाचा खानुपर्ने, सुनको पङ्खाले हम्किँदा होस फर्किने, दीनदुःखीलाई ईश्वरले हेर्छन् भन्ने विस्वास गर्ने समाज रहेको छ । मानिसको जीवन सधैँ एकैनासले चल्दैन । जीवनमा आरोह अवरोह आइरहन्छ तर दुःख पाउँदा आत्तिनु हुँदैन । निरन्तर कर्म गर्ने मानिसले एक न एक दिन *सुख पाउँछ भन्ने शिक्षा प्रदान गर्नु यस लोककककथाको उद्देश्य रहेको छ । छोटा वाक्य र सरल, सहज बोलीचालीको* भाषा प्रयोग गरिएका यस लोककथामा ग्रामीण परिवेशको चित्रण पाइन्छ । यो लोककथाले मनोरञ्जनका साथै नीति तथा उपदेश प्रदान गर्ने उद्देश्य राखेका छन् । वर्णनात्मक र संवादात्मक दुवै शैलीको प्रयोग गरेर रमाइलो किसिमले कथा प्रस्तुत गरिएको छ ।यस कथामा  पात्रका माध्यमबाट मानिसलाई सत्कर्म गर्ने, अर्कालाई नठग्ने तथा दैनिक जीवनमा काम लाग्ने सिप सिक्ने शिक्षा दिएको छ ।

**सन्दर्भ सामग्रीसूची**

घर्ती, दुर्गाबहादुर (२०७९). केही दृष्टिकोण केही विश्लेषण, ओरिएन्टल प्रकाशन ।

पराजुली, मोतीलाल (२०७१). *नेपाली लोककथा : सिद्धान्त र विश्लेषण*, विवेक सिर्जनशील प्रकाशन प्रा. लि.

पौड्याल, षडानन्द (सन्२०२१ पृ.१५४–१५६). *कथाको सैद्धान्तिक विमर्श त्रिभुवन* विश्वविद्यालय, अनुसन्धान शाखा https://www.researchgate.net/search.Search.html), DOI: 10.3126/ ijmss.v2i2.42624

लामिछाने, कपिलदेव (२०७७). *लोकसाहित्य सिद्धान्त*, प्रज्ञा प्रतिष्ठान ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६०).  *नेपाली कविताको इतिहास*, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

लुइटेल, खगेन्द्रप्रसाद, (२०६२). *कविताको संरचनात्मक विश्लेषण*, रत्न पुस्तक  भण्डार ।

लुइटेल, खगेन्द्रप्रसाद, (२०६३). *कविताको संरचनात्मक विश्लेषण*, रत्न पुस्तक  भण्डार ।

शर्मा, मोहनराज (२०४८), *शैलीविज्ञान*. नेपाल राजकीय  प्रज्ञा–प्रतिष्ठान ।

शर्मा, मोहनराज (२०५५), *समकालीन समालोचना : सिद्धान्त र प्रयोग*. विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज (२०७९), *शैलीविज्ञान*. काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

Bal, M.(2017). *Narrotology : Introduction to the Theory of narrative* (4th ed). University of Toronto Press.

Chatman, S. (1978). Stoty and discourse : Narrative structure in fiction and film. Cornell University Press .

Fludernik,M.(2009).An introduction to narratology (Patricia H.G.and Monika F.,Eds.). Routledge (pp 99).

Labov, W.(1972). Language in the inner city : Studes in the Black English vernacular University of Pennsylvania Press. (pp 370).

Todorov, T.(2005). Reading as construction. In M.j.Hoffman and P.D. Murphy (Eds.*), Essentials of the theory of fiction*. Duke University Press. (pp.153-154)